# प्रभाव दैनिक
National Daily



जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔँ,
- न्यानो कपडा लगाऔँ,
- घर तथा कोठा न्यानो बनाऔँ,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौँ,
- बालबालिकालाई तेल मालिस गरिदिऔँ,
- बढी चिसोमा मर्निङवाक नगरौँ,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔँ,
- दैनिक घाम ताप्ने गरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० अंक २६१ काठमाडौं शनिबार, ६ माघ २०८० Prabhab National Daily Saturday, January 20, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


राष्ट्रिय सभा निर्वाचन

## मतदान केन्द्रमा पुग्यो मतपत्र

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले यही माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि स्वीकृत डिजाइन तथा मापदण्डबमोजिमका सबै मतपत्र छपाइ गरी सातै प्रदेशका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी गरेको छ ।

उक्त निर्वाचनका लागि ३८ प्रकारका कूल छ हजार ९१० मतपत्र छपाइ गरी पठाइएको हो । राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता रहने कानुनी व्यवस्था छ ।

- ३८ प्रकारका कूल छ हजार ९१० मतपत्र छापियो
- सातै प्रदेशका सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी
- मतदाता र उम्मेदवारका लागि सुरक्षा व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देश ।

यसअनुसार प्रदेशसभाका सदस्यका लागि सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र छपाइ भएका छन् ।

आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीका अनुसार प्रदेशगतरूपमा रहेका निर्वाचक मण्डलका सदस्यको संख्या तथा निर्वाचन हुने पद संख्यालाई आधार मानी आयोगले तोकेको संख्यागत मापदण्डका आधारमा कोशी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका ९२० मतपत्र, मधेस प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका ९४० मतपत्र, बागमती प्रदेशमा निर्वाचन हुने चार पदका लागि आठ प्रकारका एक हजार ७६० मतपत्र र गण्डकी प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ मतपत्र रहेका छन् ।


त्यसैगरी लुम्बिनी प्रदेशमा निर्वाचन हुने दुई पदका लागि चार प्रकारका ७४० मतपत्र, कर्णाली प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका ७५० मतपत्र र सुदूरपश्चिम प्रदेशमा निर्वाचन हुने तीन पदका लागि छ प्रकारका नौ मतपत्र रहेका छन् । (क्रमशः पृष्ठ ३ मा)

बागमतीको सौन्दर्यकरण योजना

# २५ अर्ब लगानीमा नागमती ड्याम



गोकर्णेश्वर नगरपालिकास्थित–१ स्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा निर्माण हुने नागमती ड्याम निर्माणस्थल । *तस्बिरः प्रभाव*


बागमती नदी (माथि) र शिवपुरीमा निर्माण सम्पन्न भएको धाप ड्याम ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बागमतीमा पानीको बहाव बढाएर नदी थप सफा बनाउने उद्देश्यसहित शिवपुरीमा अर्को बाँध (ड्याम) बन्ने भएको छ । काठमाडौंको गोकर्णेश्वर नगरपालिकास्थित वडा १ मा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा नागमती ड्याम बन्न लागेको हो ।

एसियाली विकास बैंकको ऋण सहयोगमा अधिकार सम्पन्न बागमती सुधार आयोजनामार्फत सात वर्षअघि विस्तृत आयोजना प्रतिवेदन तयार पारिएको नागमती ड्यामको निर्माण चरण यसै वर्षबाट अघि बढ्ने बताइएको छ ।

धाप ड्याम निर्माण सफलतापछि त्यहाँबाट केही तल नागमती ड्याम बनाउन लागिएको बागमती सुधार आयोजना, आयोजना कार्यन्वयन सिँचाइ एकाइका इञ्जिनियर निश्चल छत्कुलीले बताए ।

ड्याम बनाउनका लागि सम्पूर्ण सर्भे पूरा भइसकेको र एक वर्षभित्र यस क्षेत्रमा सडक बनाउने उनले बताए । यो आयोजनामा सात हजार रुख र ८५ हजार बुटयान कटान गर्ने तयारी भइरहेको इञ्जिनियर छत्कुलीले बताए ।

'इआइए सहमति अन्तिम चरणमा छ । हामीले गत वैशाखमा प्रतिवेदन पेस गरेका थियौं । पुस १६ गते परिमार्जित प्रतिवेदन पेस गर्नका लागि पत्र आएको छ,' उनले भने ।

### कस्तो हुने छ ड्याम ?

वर्षायाममा खेर जाने पानी संकलन गरेर हिउँदमा बागमतीमा पानीको बहाव बढाउने प्रमुख उद्देश्यले ड्याम बनाउन लागिएको हो । उपत्यकाको मध्यभागबाट पूर्वतर्फ करिब २१ किलोमिटर दूरीमा निर्माण सम्पन्न भइसकेको धाप ड्याम र अब बन्ने नागमती ड्यामबीचको दूरी १.८ किलोमिटर हुने छ । बागमती नदीको प्रमुख शाखा नागमती नदीको मूलखर्कमा कूल २५ अर्ब रूपैयाँ लागतमा बन्ने नागमती ड्याम आयोजनाअन्तर्गत पूर्वतयारीको काम सुरू भइसकेको छ । नागमती नदी सुन्दरीजलमा पुगेपछि बागमती नदीमा मिसिन्छ ।

आयोजनाअन्तर्गत पर्या-पर्यटनको विकास, पानीको व्यवस्थापन, संस्थागत संरचना विकास, बहुउद्देश्यीय ड्याम र १.८६ मेगावाट क्षमताको जलविद्युत् निर्माणसमेत गरिने बागमती सुधार आयोजना, आयोजना कार्यान्वयन सिँचाइ एकाइका इञ्जिनियर छत्कुलीले जानकारी दिए । (क्रमशः पृष्ठ २ मा)

- नागमती ड्यामको उचाइ ९४.५ मिटर, लम्बाइ ५५३ मिटर र चौडाइ २६० मिटरभन्दा बढी हुने । तालको भण्डारण क्षमता ८.८ मिलियन मिटर क्युब (एमसिएम) हुने ।
- यस ड्यामको मुख्य उद्देश्य बागमतीमा प्रवाह गरिने पानीको बहाव ४५० लिटर प्रतिसेकेन्ड (सुक्खा नौ महिना), मेलम्ची खानेपानी पानी प्रशोधन केन्द्रमा ४५० लिटर प्रतिसेकेन्ड (तीन महिना) र जलविद्युत् उत्पादन १.८६ मेगावाट रहेको छ ।
- धाप ड्यामबाट हाल विभिन्न नौ चाडपर्वमा १४ दिन बागमती नदीमा पानी छोड्न सुरु गरिएको छ । ड्याम बनेपछि हालसम्म मेलम्ची खानेपानी आयोजनामा पानी कम भएका बेला ३० करोड लिटर पानी सुन्दरीजलस्थित खानेपानी प्रशोधन केन्द्रमा सोधभर्ना गर्ने गरी पठाइएको छ ।

'नाम'को शिखर सम्मेलनमा प्रधानमन्त्री दाहालको सम्बोधन

# साझा चुनौती सम्बोधन गर्न 'नाम'ले नेतृत्व लिनुपर्नेमा जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले 'विज्ञान, प्रविधि र नवप्रर्वन'मा विकासशील र अल्पविकसित देशले सामना गरिरहेका व्यावधानलाई सम्बोधन गर्न 'नाम'ले उच्च प्राथमिकता दिनुपर्ने बताएका छन् । युगाण्डाको काम्पलामा आयोजित असंलग्न आन्दोलन (नाम)को १९औं शिखर सम्मेलनलाई शुक्रबार सम्बोधन गर्दै उनले दिगो विकासका लक्ष्य हासिल तथा दक्षिणी विश्वको आर्थिक विकास र समृद्धिमा नामले जोड दिनुपर्ने बताए ।

'नाम'ले संयुक्त राष्ट्रसंघको पुनःसंरचनामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा उनले जोड दिए । उनले दिगो शान्ति र साझा समृद्धि सुनिश्चितताका लागि बहुपक्षीय संस्था समावेशी, पारदर्शी र लोकतान्त्रिक हुनुपर्ने बताए । विश्वले झेल्नुपरेका साझा र समसामयिक चुनौतीलाई सम्बोधन गर्न 'नाम'ले नेतृत्व लिनुपर्ने उनको भनाइ छ ।

सन् १९५५ अफ्रो-एसियाली सम्मेलनबाट 'नाम'को विजारोपण भएदेखि यसले लामो यात्रा तय गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले यस आन्दोलनले विश्वका धेरै देशको राजनीतिक स्वतन्त्रता, उपनिवेशीकरण र सार्वभौमसत्ता प्राप्त गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताए ।



धेरै सहयात्री 'नाम'का सदस्य मुलुकले सामाजिक–आर्थिक र प्राविधिक विकासमा उल्लेखनीय प्रगति गरेकाले उत्तर–दक्षिण र त्रिपक्षीय सहकार्यका साथै दिगो विकासका लागि साधन र स्रोतको कमी न्यूनीकरण गर्न दक्षिण–दक्षिण सहयोगलाई अभिवृद्धि गर्नुपर्छ ।

'यस खालको गरिमा, गर्व, ऐक्यबद्धता र सहयोगका लागि आशापूर्ण अवस्था हो,' उनले भने, 'यद्यपि आन्दोलनले न्यायोचित, समतामूलक, समावेशी, शान्तिपूर्ण र समृद्ध विश्वका लागि संघर्ष जारी राखे पनि आजको संसार अन्याय, असमानता, विभाजन, विभेद र बहिष्कारले भरिएको छ ।'

कोरोना महामारीपछिको पुनःउत्थान सुस्त र असमान रहेको जनाउँदै उनले यसले गरिब र सबैभन्दा कमजोर वर्गमाथि प्रहार गरेको बताए । महामारीपछि बहुआयामिक संकट निम्तिएको उनको भनाइ छ । 'सभ्य जीवनको युगमा प्रवेश गर्न महत्त्वपूर्ण मानिएको दिगो विकासका लक्ष्यहरू हासिल गर्न असम्भव देखिएको छ,' प्रधानमन्त्री दाहालले भने, 'विशेष परिस्थितिमा रहेका देशलाई विकासका दृष्टिकोण र लक्ष्य प्राप्तिका लागि वित्तीय सुरक्षा गर्नका लागि विश्वको वित्तीय संरचना सुधार गर्नुपर्दछ ।'

आर्थिकरूपमा कमजोर मुलुकलाई विकास न्याय प्रदान गर्न विकसित देशले ढिलाइ नगरी वित्तीय प्रतिबद्धता पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय व्यापार न्यायोचित, निष्पक्ष र समावेशी हुनुपर्ने बताए । 'धेरै सहयात्री 'नाम'का सदस्य मुलुकले सामाजिक-आर्थिक र प्राविधिक विकासमा उल्लेखनीय प्रगति गरेकाले उत्तर-दक्षिण र त्रिपक्षीय सहकार्यका साथै दिगो विकासका लागि साधन र स्रोतको कमी न्यूनीकरण गर्न दक्षिण-दक्षिण सहयोगलाई अभिवृद्धि गर्नुपर्छ,' उनले भने । प्रधानमन्त्री दाहालले हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गर्नु सबैको साझा हितमा रहेकोसमेत बताए । उनले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सबैले आ-आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेमा जोड दिए ।

'हिमालयको देशबाट आएको हुनाले यो महत्त्वपूर्ण सम्मेलनमा हिमालको विषयमा केही भन्नैपर्छ, हिमाल विश्वव्यापी जनसंख्याको १५ प्रतिशत र पृथ्वीको जैविक विविधताको ५० प्रतिशतको घर हो । (क्रमशः पृष्ठ ३ मा)


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔँ:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रुपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### २५ अर्ब लगानीमा...

डयामको उचाइ ९४.५ मिटर, लम्बाइ ५५३ मिटर र चौडाइ २६० मिटरभन्दा बढी हुने छ । तालको भण्डारण क्षमता ८.८ मिलियन मिटर क्यूब (एमसिएम) हुने छ । अमिबाको आकारको यो डयामस्थल समुद्री सतहदेखि एक हजार ९१० मिटर उचाइमा रहेको छ ।

यसको मुख्य उद्देश्य बागमतीमा प्रवाह गरिने पानीको बहाव ४५० लिटर प्रतिसेकेन्ड (सुख्खा नौ महिना), मेलम्ची खानेपानी पानी प्रशोधन केन्द्रमा ४५० लिटर प्रतिसेकेन्ड (तीन महिना) र जलविद्युत् उत्पादन १.८६ मेगावाट रहेको छ ।

आयोजनाका अनुसार नागमती डयामका लागि ५५३ मिटर लामो डयाम बनाइने छ । यो तालको उचाइ ९४ मिटर अग्लो हुने र लगभग तीन किलोमिटर क्षेत्रफलमा पानी फैलने छत्कुलीको भनाइ छ ।

नागमती डयाम आयोजना नेपाल सरकार र नागमती वातावरण तथा जल आयोजना, (नेवा) एडिबी गरी नाम राखिएको यो आयोजनाका लागि पहिलो वातवरणीय प्रभाव मूल्यांकन (इआइए) अन्तिम चरणमा रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले जनाएको छ । 'इआइए अन्तिम चरणमा छ । वन मन्त्रालयमा पेस भएको छ । वातावरणीय प्रतिवेदनको समितिले छलफल गरिसकेको छ,' समितिका सूचना अधिकारीसमेत रहेका सिनियर डिभिजनल इञ्जिनियर उद्धव नेपालले भने ।

बर्खाको पानी जम्मा हुने नागमतीको रुख कटान र सडकको काम यही वर्षको जुलाईबाट सुरू हुने उनले बताए । भौतिक संरचना निर्माणको थालनी भने जुलाई २०२५ बाट हुने नेपाल बताउँछन् । '२०२५ जुलाईबाट भौतिक संरचना बन्छ । रुख काट्ने र बाटो बनाउने काम २०२४ को जुलाईबाट सुरू हुन्छ,' नेपालले भने ।

### भूकम्पीय जोखिम

काठमाडौं र यस वरपरको क्षेत्र भूकम्पीय दृष्टिले खतरापूर्ण क्षेत्र हो । काठमाडौंको टुप्पोमा यति ठुलो डयाम बनेर भूकम्प गए के होला ? धेरैले यसबारे आशंका गरेका छन् । आयोजनाले भने यसबारेमा विस्तृत अध्ययन गरेरै नै डयाम निर्माण अघि बढाएको जनाएको छ । 'भूकम्पीय दृष्टिकोणले यो अन्तन्तै उपयोगी डयाम हो । यो झ्याम्म सिसा फुटेझैँ फुट्दैन,' इञ्जिनियर छत्कुलीले भने, 'क्रिटिकल कन्डिसनमा पनि यो विस्तारै चर्किंदै जाने, भत्किँदै जाँदा पनि अर्ली वार्निङ गर्न सकिने र रिजर्भेयर खाली पनि गर्न सक्छौं । ३० घन्टामा ५० प्रतिशत पानी खाली बनाउन सकिने छ ।'

भूकम्पीय जोखिम बुझ्न २० स्थानमा ड्रिल गरिएको र ७५४ मिटरको जियोलोजिकल म्यापिङसमेत गरिएको छ । यसबारे विभिन्न ल्याब परीक्षणसमेत भइसकेको इञ्जिनियर छत्कुलीले बताए । 'डयाम १.२ पिजिए र अन्य सहायक संरचना ०.८५ पिजिएमा डिजाइन भएको हो,' उनले भने । १.२ पिजिए भनेको नौ रेक्टरसम्म भूकम्प थाम्न सक्ने संरचना भएको उनले बताए । त्यसैगरी डयाम फुटेको अवस्थामा डुबान हुने क्षेत्र र पर्ने असरबारे पहिचान गरिएको आयोजनाको दाबी छ ।

सिनामंगलसम्म बाढी आउँदाको बहाब र असरबारे अध्ययन गरिएको उनले बताए । 'आयोजनास्थलमा खतरा आइपरे त्यो क्षेत्र वरपर प्रवेश भएका व्यक्तिहरूको मोबाइल डिभाइस र वरपरका क्षेत्रमा खतराको सूचना प्रवाह हुने सिस्टम यहाँ बन्ने छ,' छत्कुलीले भने ।

### सौन्दर्यकरण धमाधम

बागमतीको पानी सङ्लो बनाउन आयोजनालाई एडिबीले नदी किनारामा सौन्दर्यकरण गर्न १२ अर्ब रूपैयाँभन्दा बढी सहयोग गरिसकेको छ । गोकर्णेश्वरको उत्तरगया, गोकर्ण ब्यारेज, अत्तरखेल, मकलबारी, जोरपाटी क्षेत्रको बागमती किनारामा आयोजनाअन्तर्गत ढल व्यवस्थापन, बगैंचा निर्माण सम्पन्न भइसकेको छ । सम्पन्न भएका आयोजना एडिबीले स्थानीय तहलाई हस्तान्तरण गरिसकिएको छ ।

उत्तरगया क्षेत्रमा एडिबीले ५०० मिटर लामो सिँढी, विद्यालय भवन, पाटी निर्माण गरेको गोकर्णेश्वरका मेयर दीपक रिसाल बताउँछन् । 'एडिबी र अधिकार सम्पन्न बागमतीको सहयोगका कारण यो क्षेत्र निकै राम्रो भएको छ,' रिसाल भन्छन्, 'बनेका भौतिक संरचना हामीलाई हस्तान्तरण भइसकेको छ ।'

बागमती सङ्लो बनाउन र नदी प्रणाली प्रदूषणमुक्त बनाउने योजनासहित एडिबीको ऋण र अनुदानमा धापदेखि तिलगंगामुनि सिनामंगलसम्म मूल क्षेत्रमा बागमती सुधार आयोजना सञ्चालन जारी छ ।

गोकर्णेश्वर वडा ४ क्षेत्रमा आयोजनाले ढल व्यवस्थापनका लागि नदीको दुईतिर सडकमुनि करिब सात किलोमिटर ढल तयार गरिसकेको छ । उक्त ढल गुह्वेश्वरीस्थित ढल प्रशोधन केन्द्रमा पुगेर प्रशोधन भएपछिमात्र बागमतीमा खसालिने आयोजनाका उपनिर्देशक उद्धव नेपालले बताए ।

यतिमात्र हैन बागमतीलाई सफा बनाउने योजनाअन्तर्गत यो क्षेत्रमा ११ वटा डयाम बनेका छन् भने दुईतर्फी सडक, पैदलमार्ग, साइकल ट्र्याक र हरियाली बगैंचा बनेका छन् । ती क्षेत्रमा बिहान र बेलुका भीड नै लाग्ने मेयर रिसालले बताए ।

'गोकर्ण ब्यारेज मुनिको नदीको दुईतिर बिहान बेलुका मेला नै लाग्छ । निकै राम्रो भएको छ,' मेयर रिसाल भन्छन्, 'किनारा र साइकल ट्र्याक बनिसकेपछि यसलाई जोगाउन र सफा गर्न हामीले आयआर्जनमूलक कार्यक्रमसहितको योजना बनाइरहेका छौं ।'

आयोजनाका इञ्जिनियर मिहिरचन्द्र आचार्यका अनुसार गोकर्ण ब्यारेजबाट गौरीघाटसम्म ६.१ किलोमिटर लामो ढल बनेको छ भने सिनामंगलतिर ०.९ किलोमिटरको ।

'बागमती सौन्दर्यकरण गोकर्ण ब्यारेज जिरो प्वाइन्ट हो । यहाँबाट गुहेश्वरीसम्म ६.१ र उतापट्टी सिनामंगलतिर ०.९ किलोमिटर छ । ११ वटा डयाम बनेका छन् । दुई मिटर चौडाइको फुटपाथ र दुई मिटर चौडाइको साइकल ट्र्याक छ । त्यसैगरी साइटमा सात मिटर ग्रिनरी पार्क बनाएका छौं,' इञ्जियर मिश्रले भने ।

आयोजनाले बागमती र यसका सहायक नदीहरूको उद्गम थलोदेखि कटुवाल दहसम्म नदी सफाइ गर्ने लक्ष्य राखेको छ । एडिबीले मूल क्षेत्र र पशुपतिदेखि बल्खु क्षेत्रसम्मको ब्युटिफिकेसनका लागि ३७ अर्ब रूपैयाँ सहयोग गरिसकेको छ । सरकारले बागमती सफाइका लागि अहिलेसम्म २१ अर्ब रूपैयाँ खर्चिसकेको छ ।

### धाप डयामको काम के ?

बागमतीलाई सफा बनाउन सबैभन्दा पहिले यसको मूल सफाइमा आयोजनाले ध्यान दिएको छ । मूल सफाइ र पानीको बहाब बढाउन आयोजनाले गोकर्णेश्वर नगरपालिका-१ स्थित शिवपुरी नागार्जुन निकुञ्जको मध्य क्षेत्रमा धाप डयाम निर्माण सम्पन्न गरेको छ ।

डयामको पानी सुक्खायाममा बागमतीमा बगाउने गरिएको आयोजना प्रमुख चक्रवर्ती कण्ठले बताए । 'यस डयामबाट जलजन्य पर्यावरणको सुधारका साथै धार्मिक, सांस्कृतिक पर्यटनको विकास तथा भूमिगत जल पुनःभरणमासमेत योगदान पुगेको छ । हाल विभिन्न नौ चाडपर्वमा १४ दिन बागमती नदीमा डयामबाट पानी छोड्न सुरू गरिएको छ,' कण्ठले भने ।

त्यसैगरी, डयाम बनेपछि हालसम्म मेलम्ची खानेपानी आयोजनामा पानी कम भएका बेला ३० करोड लिटर पानी सुन्दरीजलस्थित खानेपानी प्रशोधन केन्द्रमा सोधभर्ना गर्ने गरी पठाइसकिएको कण्ठले बताए ।

सन् २०१५ अक्टोबर ९ मा सम्झौता भई सन् २०२२ अक्टोबर १५ मा निर्माण सम्पन्न भएको यो डयाम करिब ५२ करोड रूपैयाँमा लागतमा निर्माण भएको हो । डयाम निर्माणअघि यो क्षेत्रमा पर्यटक प्रवेश शुल्कबाट वार्षिक एक करोड ८० लाख रूपैयाँ राजस्व संकलन हुने गरेकामा अहिले वार्षिक करिब पाँच करोड रूपैयाँ राजस्व संकलन भएको निकुञ्ज कार्यालयले जनाएको छ ।

बागमती नदी प्रणालीमा बागमतीसहित १९ खोला छन् । नदी सफा बनाउने अहिलेको मुख्य समस्या हो ढल व्यवस्थापन । हालसम्म यो योजनामा ७३.२८ किलोमिटर तटबन्ध निर्माण, ३२.५६ किलोमिटर सडक कालोपत्रे र मुख्य ढल ८८.६३ किलोमिटर पूरा भइसकेको छ । त्यसैगरी बल्खुसमम मुख्य ढल निर्माण सम्पन्न भइसकेको आयोजनाले जनाएको छ ।

२८ वटा सत्तल मठमन्दिर पुनर्निर्माण तथा जीर्णोद्वार सकिसकेको छ भने गुह्वेश्वरीमा १६.२ एमएलडी क्षमताको फोहोर पानी प्रशोधन केन्द्र निर्माण गरी आयोजना कार्यान्वयन निर्देशनालय (पिडिडी)लाई हस्तान्तरण गरिएको छ ।

गोकर्ण क्षेत्रमा ढल व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगे पनि आयोजनालाई टुकुचाको फोहोर पानी प्रशोधनका लागि भने अप्ठेरो भइरहेको छ । ठाउँ अभावका कारण यहाँको फोहोरपानीको प्रशोधन केन्द्र निर्माण गर्न सम्झौताको अन्तिम चरणमा रहेको आयोजनाले जनायो । नदी क्षेत्रमा स्थानीय सभ्यतासँग जोडिएका सत्तल, मठमन्दिर र एतिहासिक सम्पदा जोगाउन र जीर्णोद्वारमा पनि एडिबीले लगानी गरेको छ । सिनामंगलबाट तल बल्खुसम्म बनेका उपआयोजनाहरू हस्तान्तरण हुन बाँकी रहेको एडिबीले जनाएको छ ।

यही आयोजनाले यतिको समय र पैसा खर्चंदा पनि फेरि प्रश्न उठ्छ- अब कहिलेबाट पशुपति क्षेत्र हुँदै बहने बागमतीमा सफा पानीले स्नान गर्न पाइन्छ ?

'पानीको बहाब नबढाइ बागमती सफा हुन्न । यसका लागि नागमती आयोजना पूरा हुने समय कुर्नुको विकल्प देखिँदैन,' आयोजनाका उपनिर्देशक उद्धव नेपाल भन्छन् ।

## सामान हरायो

मिति २०८०/१०/०३ गते चापागाउँ, दोबाटो भाटभेनीदेखि सि.जि. भिल्ला, थेचो जाने क्रममा ट्याक्सीमा मेरो निम्न सामानः राहदानी, नागरिकता र ए.टि.एम कार्ड हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **तारा जोशी**
राहदानी नं : **A58031792**
नागरिकता नं : ७५-०१-७६-०४०३१
ठेगानाः **सि.जि. भिल्ला, थेचो**
फोन नं : **९८४५९५८४३६**

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०९/२३ गते का.म.न.पा २७ बिर अस्पताल अगाडि खुला मञ्च पार्किङ गरिराखेको अवस्थामा 220 cc Bajaj Pulsar रातो, कालो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**कम्पनीको नाम : हुलास फिन सर्भ लि**
**ऋणीको नाम : कमल श्रेष्ठ**
**बाइक नं.: बा.प्र.०२-०३८ प ०४१६**
**च्यासिस नं.: MD2A13EX8MCH 96510**
**इन्जिन नं. : DKXCMH 30728**
**ठेगानाः काठमाडौं**
**सम्पर्कः ९८१०२४०२७४**

## बीमालेख हरायो

मिति २०८०/०८/१६ गते, कलंकीदेखि सामाखुसीसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : जनकलाल बास्तोला**
**बीमालेख नं : ३०२००००६५६**
**Mahalaxmi Life Insurance**
**ठेगाना : काठमाडौं, नेपाल**
**सम्पर्क नं : ९८५१२९८११२**

## Free Visa!! Free Ticket!! Free Recruitment !!
## कतारमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : **TANZIFCO COMPANY W.L.L.**
पूर्व स्वीकृति मिति : २०८०/१०/०५ LT. No. 298344 चलानी नं. ६०२१३३१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker (Male) | 50 | 16 | 1000 | ३६,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १४ देखि १६ गते (28-30 Jan. 2024) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
श्रम ईजाजत नं. ८८३/०६७/०६८
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ANWAR QURTUBA COMPANY FOR ELECTRICAL AND ELECTRONIC DEVICE AND TOOLS**
पूर्व स्वीकृति मिति २०८०/१०/०४ LT No :298136 चलानी नं. ६०२१३२२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Assistant/sales/cashier | 6 | 0 | 150 | ६४,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company**
पूर्व स्वीकृति मिति : २०८०/१०/०५ LT. No.298293 चलानी नं. ६०२१३३०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 20 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ERA SUPPORT COMPANY LTD**
पूर्व स्वीकृति मिति : २०८०/१०/०५ LT. No.298257 चलानी नं. ६०२१३२९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Facility Cleaning Worker | 15 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३८४/०५९/०६०
Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal
Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np
Website www.pigeoninternational.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ROYAL FOR TRADING CONTRACTING HOSPI TALITY & SERVICES**
पूर्व स्वीकृति मिति २०७९/०३/३१ पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/०५ LT No.267352 चलानी नं.:६०१८३२७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaner | 0 | 9 | 1000 | ३५,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **NEW SMART CONTRACTING & SERVICES W.L.L**
पूर्व स्वीकृति मिति : २०७८/१२/०८ पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/०५ LT No.259524 चलानी नं.६०१७६३६८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 5 | 0 | 1300 | ४३,५९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 5 | 0 | 1300 | ४३,५९० | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1300 | ४३,५९० | | | | | | | |

कम्पनी : **LIBERTY SUITES**
पूर्व स्वीकृति मिति २०७९/०५/२६ पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/०५ LT. No. 271703 चलानी नं. ६०१८७४५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३५,०६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Guard | 5 | 0 | 1500 | ५४,९३५ | | | | | | | |
| 3 | Maint Technician | 3 | 0 | 1800 | ६५,९२५ | | | | | | | |

कम्पनी : **AL THANAI CONT EST**
पूर्व स्वीकृति मिति २०७९/०५/२७ पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/०५ LT. No. 271704 चलानी नं. ६०१८७४५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 3 | 0 | 1200 | ४१,९४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३५,०६० | | | | | | | |
| 3 | Tile Maker | 3 | 0 | 1200 | ४१,९४५ | | | | | | | |

कम्पनी : **AKASIYA HOTEL**
पूर्व स्वीकृति मिति २०७९/११/३० पुन विज्ञापन स्वीकृति मितिः २०८०/१०/०५ LT. No. 282657 चलानी नं. ६०१९८०८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Presser Gen | 1 | 0 | 2100 | ७५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 3 | Marketing Represent | 1 | 0 | 2500 | ८९,८१५ | | | | | | | |
| 4 | Gril Chick Maker | 1 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 5 | Confectioner | 1 | 1 | 2100 | ७५,४४५ | | | | | | | |
| 6 | Waiter | 7 | 0 | 1800 | ६४,६६५ | | | | | | | |
| 7 | Gen Clean Worker | 6 | 0 | 1000 | ३५,०६० | | | | | | | |
| 8 | Messenger | 4 | 0 | 1200 | ४१,९४५ | | | | | | | |
| 9 | Customer Service | 3 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 10 | Reservation Office | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 11 | Services Employee | 1 | 0 | 2100 | ७५,४४५ | | | | | | | |
| 12 | Labourer | 7 | 0 | 1000 | ३५,०६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **BATCH HOLDINGS GROUP CO.**
पूर्व स्वीकृति मिति २०८०/१०/०४ LT. No. 298225 चलानी नं. ६०२१३२३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst Cook/asst Chef | 5 | 0 | 125 | ५४,०२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/kitchen Helper (Indoor) | 15 | 0 | 90 | ३८,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Namo Buddha Recruitment Pvt. Ltd.**
Govt. License 1370/74/75
Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168
E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com
Website : www.namobuddharecruitment.com

## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SIMLA SUPERMARKET CO LTD.**
पूर्व स्वीकृति मिति २०८०/०६/२३ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०५ LT. No. : 293886 चलानी नं. ६०२०८८५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Machine Operators | 20 | 0 | 15000 | ४५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **SIMLA TRIOLET LTD**
पूर्व स्वीकृति मिति २०८०/०६/२५ पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०५ LT. No. : 293957 चलानी नं.६०२०९०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cold Room Operator | 10 | 0 | 15000 | ४५,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Packing Operator | 10 | 0 | 15000 | ४५,१६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७२/०८/०४ मा दर्ता भएको **प्रा.लि. नं. १४१८३८** को **चुनदेवी तयारी पोशाक उद्योग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/२२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **GK Group Pvt. Ltd.** कम्पनीले **CHINA** बाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | इकाई प्रति मुल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मुल्य-MRP | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | SMART | SM23-02Y-750 | N/A | CHINA | PCS | 7,660.00 | 8,610.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | SMART | SM23-02Y-900 | N/A | CHINA | PCS | 7,860.00 | 8,840.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | SMART | SM23-03Y-900 | N/A | CHINA | PCS | 8,470.00 | 9,520.00 | |

बिक्रेता फर्मको नाम : **GK Group Pvt. Ltd.** स्थायी लेखा नं. : **601889022**
ठेगाना : **Pepsikola-32, Kathmandu, Nepal** फोन नं. : **9801171012**

## पृष्ठ १ बाट क्रमशः

### मतदान केन्द्रमा...

**सुरक्षा प्रबन्धबारे निर्देशन**

निर्वाचन आयोगले यही माघ ११ गते बिहीबार हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि उम्मेदवार र मतदाताहरू निर्वाचन कार्यक्रममा सहभागी हुँदा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर मात्र आवागमन गर्ने व्यवस्था मिलाउन नेपाल सरकार, गृह मन्त्रालयलाई निर्देश गरेको छ । उक्त निर्वाचनका लागि प्रदेशसभा सदस्यहरू, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख निर्वाचक मण्डलमा रहने र निर्वाचक मण्डलका सदस्यहरू प्रदेशभर छरिएर रहेकाले आफू रहेका स्थानीय तह वा जिल्लाबाट मतदान केन्द्रसम्म मतदान प्रयोजनका लागि आउने र जाने मार्ग तथा आवासीय क्षेत्रमा आवश्यक सुरक्षा प्रवन्ध मिलाउन आयोगले निर्देशन दिएको हो ।

राष्ट्रिय सभामा आगामी फागुन २० गतेदेखि २० सदस्य रिक्त हुँदै छन् । तीमध्ये १९ स्थानका लागि माघ ११ गते निर्वाचन हुँदै छ । आयोगले निर्वाचन व्यवस्थापनलाई सुव्यवस्थितरूपमा अगाडि बढाउन मतदाता, उम्मेदवार, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचनमा खटिएका कर्मचारी, निर्वाचन सामग्री, मतदानस्थललगायत निर्वाचनमा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको सिफारिसका आधारमा सो निर्देशन दिएको आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीले जानकारी दिए ।

आयोगले तयार गरेको मतपत्र ढुवानी कार्ययोजनाबमोजिम गृह मन्त्रालयको समन्वयमा सुरक्षा निकायबाट आवश्यक सुरक्षाको समुचित व्यवस्था मिलाउन पनि भनिएको छ । निर्वाचनका लागि सात प्रदेशको राजधानी रहेका जिल्ला क्रमशः मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलालीमा रहेका प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालन भइसकेको छ भने यही माघ २ गतेदेखि निर्वाचन आचारसंहिता लागू भइसकेको छ ।

साथै जिल्ला निर्वाचन सुरक्षा समितिलाई क्रियाशील तुल्याई निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी एवं भरपर्दो बनाउन र निर्वाचन आचारसंहिता कार्यान्वयनका सन्दर्भमा नेपाल प्रहरीलगायत सुरक्षा निकायबाट आवश्यक निगरानी गरी विवरण उपलब्ध गराइदिन नेपाल सरकार, गृह मन्त्रालयमार्फत सुरक्षा निकायलाई आयोगले निर्देशन दिएको छ ।

०००

### साझा चुनौती...

यसले सबै जीवित प्राणीलाई विश्वव्यापी सेवा प्रदान गर्दछ । तर उनीहरूले ठूलो पीडा भोगिरहेका छन्,' प्रधानमन्त्री दाहालले भने ।

उनले हिमाली देश नेपालले हिमाल, हिमाली पारिस्थितिक प्रणाली र त्यहाँ बसोबास गर्ने जनताको संरक्षणका लागि वकालत गर्दै आएको बताए । प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनको विनासकारी प्रभावका कारण डरलाग्दो दरमा घट्दै गएको हिमनदीका स्वरूप र यसले कैयनको जीवन र जीविकोपार्जनमा ल्याउने अनगिन्ती पीडालाई नजिकबाट महसुस गरिएको बताए । साझा समृद्धिका लागि अत्यन्त इमान्दारी सद्भाव, ऐक्यबद्धता र सहयोगका साथ काम गर्न आह्वान गर्दै प्रधानमन्त्री दाहालले कसैलाई पनि पछि नछोडी न्यायपूर्ण, समतामूलक, शान्तिपूर्ण, दिगो र समृद्ध विश्व निर्माण गर्न 'नाम'लाई बलियो बनाउनुपर्नेमा जोड दिए ।

# व्यापारी अग्रवालसहित चारजना पक्राउ

**काठमाडौं (प्रस)**- राजस्व अनुसन्धान विभागको टोलीले स्रोत नखुलेको दुई करोड ३० लाख रूपैयाँ रकमसहित चार जनालाई पक्राउ गरेको छ । उनीहरूलाई काठमाडौंको क्षेत्रपाटीबाट शुक्रबार पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा नरेश अग्रवाल र उनका सहयोगी रहेका विभागका महानिर्देशक नवराज ढुंगानाले जानकारी दिए । उनले भने, 'राजस्व अनुसन्धान विभागको टोलीले करिब दुई करोड ३० लाख रूपैयाँ रकमसहित चार जनालाई पक्राउ गरेको छ ।'

व्यापारी नरेश अग्रवालको घरमा राजस्व अनुसन्धान विभागले छापा मारेपछि उक्त रकम फेला परेको बताइएको छ । बरामद गरिएको रकम हुण्डी कारोबारको हुनसक्ने अनुमान गरिएको छ ।


**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०८०/१०/०६**

यस कम्पनीको मिति २०८०/०९/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रस्तुती ओरियन्टेसन प्रा.लि./Prastuti Orientation Pvt. Ltd.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि./Reconnect Education Consultancy Pvt. Ltd.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **रिकनेक्ट एजुकेशन कन्सल्टेन्सी प्रा.लि./Reconnect Education Consultancy Pvt. Ltd.** (प्रा.लि.नं.१६६५९८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/१०/०६ गते)

श्री देव नारायण श्रेष्ठको नाति, श्री पदम नारायण श्रेष्ठको छोरा, श्रीमती स्व. बेल माया श्रेष्ठ र चम्सेर श्रेष्ठको श्रीमान्, काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं ५ थली, (साबिक डाँछी गा.वि.स वडा नं. ८) बस्ने राम कृष्ण श्रेष्ठको मिति २०८०/०७/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकका थली शाखामा रहेको खाता ०३८००१९३०७९००००१ र ०३८००-१९३०७९०००००५/०३८००१९६०७८००००१ र ०३८००१९३०७९०००१५ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती चम्सेर श्रेष्ठले यस बैंक शाखामा निवेदन दिनुभएको हुदा उक्त निक्षेप उपर निज श्रीमती चम्सेर श्रेष्ठ बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय थली, काठमाण्डौंमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड / KUMARI BANK LIMITED / सबैका लागि, सबैका लागि

शाखा कार्यालय थली, काठमाण्डौ फोन नं. ०१-४४५१४८६

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८०/१०/०६**

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गल्फ सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०७९/०३/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (प्रा.लि.नं.६०६५५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ROCA CAFE SDN BHD**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | LT. No.298044 | चलानी नं. ६०२१३३३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 2 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

साथै यसै कम्पनीको लागि F&B manager को आवश्यक परेको हुँदा इच्छुक आवेदकहरुले सम्पर्क गर्नुहोला ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

**कम्पनी : ROAD MACHINERY EQUIPMENT RENTAL ESTABLISHMENT**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | LT. No.298318 | चलानी नं. ६०२१३३३१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 2 | 0 | 1800 | ६३,८४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**

Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : ENERGY PLUS TECHNICAL SERVICES WLL**

पूर्व स्वीकृति मिति : २०८०/१०/०४ | LT. No. 298176 | चलानी नं. ६०२१३२६२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanic | 25 | 0 | 2500 | ९१,३५० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Welder | 25 | 0 | 1100 | ४०,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, सुनसरीमा मितिः २०८० माघ १४ गते (28th Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः पाथीभरा ट्रेनिङ सेन्टर, दमकमा मितिः २०८० माघ १५ गते (29th Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः PIT तालिम केन्द्र, जनकपुरमा मितिः २०८० माघ १६ गते (30th Jan. 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १७ गते (31st Jan. 2024) मा हुनेछ ।

नोटः यस कम्पनीको लागि गल्फ रिटर्न स्काफोल्डरहरुको माग आएको हुनाले इच्छुक उम्मेदवारहरुले सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**

श्रम ईजाजत नं. ८८३/०६७/०६८

Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533
Mob: 9810124818, 9847364227, Kalyan Thapa: 9840510091, 9851194513
Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Dharan 2, Shanti path, Nepal, Tel: 025-572026, 9842170962, 9815390822



## कतारमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : FORCE ONE CONTRACTING & CLEANING W.L.L**

पूर्व स्वीकृति मितिः २०८०/०३/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०५ | LT No :288691 | चलानी नं. ६०२०४००८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 0 | 1 | 4000 | १४५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 3 | Cashier | 1 | 2 | 1500 | ५४,८१० | | | | | | | |
| 4 | Foreman | 5 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 5 | General Clean Worker | 18 | 3 | 1000 | ३६,५४० | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 7 | Painter | 1 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1300 | ४६,८३५ | | | | | | | |
| 9 | Secretary | 0 | 1 | 2100 | ७५,६६० | | | | | | | |
| 10 | Supervisior | 5 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 11 | Waiter | 1 | 3 | 1500 | ५४,८१० | | | | | | | |

**कम्पनी : ABOU SHAY RESTAURANT**

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298150 | चलानी नं. ६०२१३२३५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1000 | ३६,५४० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1500 | ५४,८१० | | | | | | | |

**कम्पनी : ROYAL TIME EVENTS**

पूर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298151 | चलानी नं. ६०२१३२३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 0 | 1 | 1500 | ५४,८१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 3 | 1000 | ३६,५४० | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 1500 | ५४,८१० | | | | | | | |

**कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL**

पूर्व स्वीकृति मिति २०८०/०४/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०५ | LT. No. 289954 | चलानी नं. ६०२०५२५३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Director | 0 | 1 | 6000 | २१६,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 3 | Cashier | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 5 | Foreman | 1 | 0 | 2500 | ९०,७३० | | | | | | | |
| 6 | General Clean Worker | 15 | 24 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Helper | 1 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 8 | Labour | 10 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 9 | Manager Variety | 1 | 0 | 6000 | २१६,०५० | | | | | | | |
| 10 | Mason | 4 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 11 | Painter | 2 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 12 | Plaster Worker | 5 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 13 | Plumber | 1 | 0 | 1200 | ४३,५५० | | | | | | | |
| 14 | Receptionist | 0 | 1 | 1700 | ६१,२१५ | | | | | | | |
| 15 | Salesman | 1 | 0 | 1700 | ६१,२१५ | | | | | | | |
| 16 | Supervisior | 11 | 1 | 2500 | ९०,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२२४/०७४/०७५

**JALAJALA RECRUITMENT PVT.LTD**

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, E-mail: jalajalarecru2017@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : JADDARAH RECRUITING CO**

पुर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298305 | चलानी नं. ६०२१३२७१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labor | 50 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : NORTH GREEN POULTRY COMPANY**

पुर्व स्वीकृति मिति २०८०/१०/०४ | LT. No. 298304 | चलानी नं. ६०२१३२७२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 4 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४००/०७४/०७५

**Pashupati HR Solution Pvt. Ltd.**

Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AHED ARIF BIN ZAID AL MUTAIRI GENERAL CONTRACTING ESTABLISHMENT**

पुर्व स्वीकृति मिति २०८०/०९/११ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१०/०५ | LT. No. 297171 | चलानी नं. ६०२१२१७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 4 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : BAHIA HASHEM BIN HUSSEIN AL HASSAN CONTRACTING EST.**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | LT. No. 298278 | चलानी नं. ६०२१३३०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : AL-BAYT SYRIAN RESTAURANT SERVES MEALS**

पुर्व स्वीकृति मिति २०८०/१०/०५ | LT. No. 298369 | चलानी नं. ६०२१३२३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1200 | ४२,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MAS FACTORY FORPLASTIC INDUSTRIES**

पुर्व स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 297774 | चलानी नं. ६०२१२७८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mechanical Maintenance Technician | 4 | 0 | 1500 | ५३,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ १३ गते (27th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले  सेवा शुल्कः नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## ZERO FEE RECRUITMENT FOR MALAYSIA

## शून्य लागत सहित मलेसियामा वैदेशिक रोजगारको अवसर

Free Visa! Free Ticket ! Free Passport ! Free Medical Checkup !
Free Visa Processing! No Recruitment Fee ! Free Food, accomodation &Transportation From Pre-Interview To Deployment.

नि : शुल्क भिसा, नि: शुल्क हवाई टिकट, नि : शुल्क राहादानी, नि : शुल्क स्वस्थ्य जाँच, नि:शुल्क भिषा प्रकिया, कुनै पनि सेवाशुल्क नलाग्ने, अन्तर्वार्ता पास भएदेखि उडानसम्म नि:शुल्क यातायात, आवास र खाना

**COMPANY: ENCOMPASS INDUSTRIES SDN BHD**

**कम्पनी : इन्कम्पास इन्डस्ट्रीज एसडीयन. बीएचडी.**

Pre Approval Date : 2024-01-18 / पूर्व स्वीकृति मिति : २०८०/१०/०४ | LT. No. 298135 / एल टि न. २९८१३५ | Invoice No. 60213146 / चलानी नं. ६०२१३१४६

| सि.नं S.N. | कामदारको पद Worker's Position | पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वोर्कर Factory Worker | २०० 200 | 0 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,८८० 42,880 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

- Pre-selected candidates are only allegeable for final interview, Selected candidates will only process for further processing.
  पूर्व-छनोट भएका उमेद्वार मात्र अन्तिम अन्तर्वार्ताका लागि योग्य हुनेछन् । साथै छनोट भएका उमेद्वारहरुको मात्र बाँकी पक्रिया अगाडि बढाइनेछ ।
- Nepal's government has implemented a strict rule banning the use of intermediaries or middlemen. Therefore, our recruitment procedure clearly prohibids the engagement of any intermediaries or middlemen.
  नेपाल सरकारले कुनै पनि विचौलीया वा मध्यस्थकर्तालको प्रयोग कानूनी रुपले वन्द गरेको छ । तसर्थ हाम्रो भर्ती प्रक्रियामा कुनै विचौलीया वा मध्यस्थकर्तालाई पूर्ण रुपमा निषेध गरिएको छ ।
- Candidates are required to submit their job applications directly to Mass Human without utilizing any intermediaries. Neither applicants nor their relatives or family members are compelled to pay any recruitment fees, bonds, deposits, or offer gifts for securing employment.
  आवेदकहरुलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न अनुरोध गदर्छौं । आवेदक, आवेदकको परीवारका सदस्य, आफन्त र साथीभाईले यस रोजगारीको लागि कुनैपनि प्रकारको शुल्क, धितो, पेश्की वा कुनै पनि किसिमको उपहारहरु दिने वा दिनको लागि बाध्य पारिने छैन ।
- We highly recommend that all applicants thoroughly review and comprehend the details regarding our commitment to Zero Fee Ethical Recruitment in connection to the available positions. The relevant information is accessible at the Mass Human office premises, conveyed through materials such as flex, banners and notices.
  यस मास ह्युमन रिसोर्स प्रा.ली.ले शून्य लागत साथै न्यायोचित भर्तीको लागि गरिएको प्रतिवद्धता सम्बन्धी जानकारी मूलक सूचनाहरु यस प्रा.लि.को कार्यालय परिसर हप्ताभित्र फ्लेक्स, ब्यानर तथा सूचना मार्फत उल्लेख गरिएको हुनाले सो बारे पूर्ण रुपमा जानकारी लिनुहुन अनुरोध गदर्छौं ।
- Mass Human Resource Pvt. Ltd always follow recruitment procedures which are intentionally structured to ensure fairness and transparency with Zero tolerance specifically pertaining to our "NoRecruitment Fee" policy.
  मास ह्यूमन प्रा.लि ''शून्य भर्ती शुल्क'' सम्बन्धी सून्य सहनशिलताको साथ निश्पजता र पारदर्शिता सुनिश्चित गर्ने संस्था भएकाले सम्पूर्ण भर्ती प्रक्रियाको पूर्ण पालना गर्दछ ।
- If you encounter any instances of corruption, misconduct, financial demands, or coercion into illegal activities, please do not hesitate to contact us directly, to our hotline number at +977-9851164025 or send an email to grievance.massmngt@gmail.com. Your concerns will be addressed promptly and confidentially.
  हामी कुनै पनि प्रकारको भ्रष्टाचार/दुराचार प्रति शून्य सहनशिलता राख्छौं । यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैध क्रियाकलाप गर्न/गराउन खोजेमा हाम्रा सबै मूल्यवान सरोकारवालाहरुलाई हाम्रो हटलाइन नम्बर +९७७-९८५११६४०२५ वा इमेल grievance.massmngt@gmail.com. मार्फत सम्पर्क गर्न अनुरोध गर्दछौं । हामी तपाईको गोपनियत कायम राख्नेछौं ।

**Interview will be conducted on 27th Jan, 2024 in Office Premises.**
**अन्तर्वाता मिति २०८० माघ १३ गते कार्यालय परिसरमा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमाकसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**

(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765

Govt. License 938/067/068



> विदेशबाट अध्ययनका लागि आउने किसानलाई राख्न सक्ने अवस्था छैन । तर यस फार्मका बारेमा थाहा पाएका विदेशी किसान अध्ययनमा आउन समय माग्ने र आउने क्रम बढ्दै गएको छ । स्वदेशकै कृषि अध्ययनरत विद्यार्थीदेखि प्राध्यापक विद्यार्थी लिएर आउन आतुर छन् । समय मिलाउनै मुस्किल भएको छ ।

प्रांगारिक उत्पादन अध्ययनको केन्द्र

# होली ग्रिन अर्गानिक फार्म

**मिला दरै**

नेपाल कृषि प्रधान देश हो । यद्यपि खाद्यान्न आयात गर्नुपर्ने अवस्था छ । स्वदेशमै उत्पादन वृद्धि गरी आयातलाई निर्यातमा परिणत गर्ने उद्देश्यले संघ, प्रदेश र स्थानीय सरकारले कृषिलाई प्राथमिकतामा राखेका छन् ।

उत्पादन वृद्धि गर्ने हेतुले अहिले कृषि र प्रविधिलाई विशेष प्राथमिकता दिए पनि तीनै तहका सरकारले प्रांगारिक उत्पादनलाई जोड दिएका छैनन् । प्रांगारिक उत्पादनलाई जोड दिने भनिए पनि रासायनिक मल, विषादी प्रयोग न्यूनीकरण गर्न सकिएको छैन । कृषिलाई प्राथमिकता दिँदै प्रांगारिक उत्पादनमा युवालाई परिचालन गर्नुपर्नेमा सरोकारवालाको जोड छ ।

यहीबीच तनहुँका महेन्द्रकुमार श्रेष्ठले सञ्चालन गरेको 'होली ग्रिन अर्गानिक फार्म' प्रांगारिक उत्पादनको अध्ययन केन्द्र बनेको छ । प्रांगारिक उत्पादनलाई प्राथमिकतामा राखी उनले तनहुँको शुक्लागण्डकी नगरपालिका-३ मा फार्म सञ्चालन गरेका हुन् । जैविक र प्राकृतिक कृषिबाट व्यावसायिक र आत्मनिर्भर बन्नुपर्नेमा उनको जोड छ । प्रांगारिक र वास्तविक स्वाद रहेका खानामा पर्यटक आकर्षित भएकाले यस प्रविधिलाई जोगाउन कृषि क्षेत्रमा लाग्न आवश्यक ठानिएको श्रेष्ठ बताउँछन् ।

पाँच वर्ष फोटोग्राफी र पर्यटन प्रवर्द्धनमा लागेका श्रेष्ठ पछिल्लो समय कृषि क्षेत्रमा लागेका हुन् । बायोडाइनामिक कृषि तरिकाले जैविक विविधता र वातावरणमैत्री बनाउन आवश्यक रहेको उनी बताउँछन् । खेतीको मौसमअनुसार उनी प्रांगारिक मल तयार गरी खेती गर्छन् । जसले गर्दा खाद्यान्नको वास्तविक (प्राकृतिक) स्वाद प्राप्त हुने गर्दछ । प्राकृतिक स्वादकै कारण यस फार्म स्वदेश तथा विदेशबाट अध्ययनका लागि आउने गरेको उनी बताउँछन् ।

श्रेष्ठ भन्छन्, 'विदेशबाट अध्ययनका लागि आउने किसानलाई राख्न सक्ने अवस्था छैन । तर यस फार्मका बारेमा थाहा पाएका विदेशी किसान अध्ययनमा आउन समय माग्ने र आउने क्रम बढ्दै गएको छ । स्वदेशकै कृषि अध्ययनरत विद्यार्थीदेखि प्राध्यापक विद्यार्थी लिएर आउन आतुर छन् । समय मिलाउनै मुस्किल भएको छ ।' समयअनुसार मलको व्यवस्थापनदेखि विभिन्न आवश्यक काम भए पनि यहाँ अध्ययनमा आउने किसानलाई समय दिन नसकेको उनी बताउँछन् ।

प्रांगारिक खेतीलाई प्रवर्द्धन गर्न आवश्यक रहेको श्रेष्ठ बताउँछन् । 'यहाँको माटो र प्रकृतिसँगै उत्पादन हुने स्वादको संरक्षण आवश्यक भएकाले किसानले बढी उत्पादनभन्दा गुणस्तरीयतामा ध्यान दिनुपर्छ । यसले देशलाई अध्ययनको केन्द्र बनाएर पर्यटक अझै वृद्धि गर्न टेवा पुग्ने छ,' उनी भन्छन्, 'पर्यटक बढी आउनु हाम्रो देशको आयस्तर वृद्धि नै हो ।'

व्यवस्थापन संकायमा स्नातकोत्तर गरेका श्रेष्ठले १२ रोपनी क्षेत्रफलको जग्गामा होली ग्रिन एग्रो फार्म सञ्चालन गरी प्रांगारिक उत्पादन गर्दै आएका छन् । नेपालमा बढीभन्दा बढी पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा गर्न प्रांगारिक उत्पादनलाई विशेष प्राथमिकतामा राख्नुपर्ने उनको धारणा छ । प्रांगारिक खाद्यान्नमा पर्यटकको आकर्षण भएकाले यसलाई सरकारले ध्यान दिनुपर्ने र यसले नेपाल नै कृषि क्षेत्रको अध्ययनको केन्द्र बन्नसक्ने उनको भनाइ छ ।

नेपालमा आउनु नै पर्यटक वैज्ञानिक अध्ययनअनुरूप प्रांगारिक कृषि उत्पादन प्रमुख हुन जरुरी रहेको श्रेष्ठको अनुभव छ । उनको फार्ममा समयअनुसारका विभिन्न प्रजातिका बोटबिरुवा, फलफूल, खाद्यान्न उत्पादन हुँदै आएका छन् । फलफूल, खाद्यान्नको वास्तविक स्वादलाई बचाउन प्रांगारिक उत्पादनलाई जोड दिनुपर्ने उनी बताउँछन् । प्रांगारिक खाद्यान्न उत्पादनका लागि विभिन्न प्रविधि र रासायनिक प्रयोगभन्दा पनि प्रकृति र ग्रहहरूको चक्रीय प्रणालीअनुरूप हुने उत्पादनमा कृषिको नियमलाई किसानले बुझ्न जरुरी रहेको श्रेष्ठको बुझाइ छ ।

खाद्यान्नको वास्तविक स्वादसहितको उत्पादनका लागि 'फोर्स ग्रोथ' भन्दा समयानुकूल वातावरण बनाउनुपर्ने उनको अनुभव छ । वास्तविक स्वाद आउनेगरी उत्पादनका लागि उर्वर माटो बनाउन जरुरी रहने श्रेष्ठ बताउँछन् । युरिया, पोटासलगायतका केमिकलयुक्त मलको प्रयोगबाट गरिएको उत्पादनले स्वास्थ्यलाई असर गर्नुका साथै वास्तविक स्वाद नपाइने उनी बताउँछन् ।

प्रांगारिक उत्पादनको प्रवर्द्धन गर्नुपर्छ भन्ने हेतुले कृषि क्षेत्रमा लागेका श्रेष्ठ भन्छन्, 'मलाई स्थानीयले पढेर पनि कृषिमा लागेको भनेर पागल भन्ने गर्थे । तर अहिले उत्पादनसँगै प्रांगारिक खाद्यवस्तु उत्पादनले पहिचान फेरिएको छ । आफूले उत्पादन गरेको खाद्यान्नको मागसमेत वृद्धि भएको छ । फार्मलाई प्रशिक्षण तथा अध्ययनको केन्द्र बन्दै गएको छ ।'

छिमेकका गाउँबाट किसान श्रेष्ठसँग परामर्श लिने गरेको उनी बताउँछन् । उनी भन्छन्, 'मेरो फार्मलाई अध्ययनको केन्द्र बनाउने योजना विस्तारै पूरा हुँदै गएको छ । केही देशसम्म पुगेर प्रशिक्षण दिने अवसर मिलेको छ ।' बिदाको समयमा कलेज, विद्यालयमा अध्ययनरत विद्यार्थी प्रयोगात्मक कृषि अध्ययनका लागि आउने गरेको उनले जानकारी दिए ।

सीमित विद्यार्थी तथा किसानलाई फार्ममै बसेर अध्ययन गर्ने वातावरण बनाउन सफल भएको उनी बताउँछन् । प्रांगारिक उत्पादनलाई प्रवर्द्धन गर्न ग्लोबल फोरमसम्म पुऱ्याउने लक्ष्यका साथ विदेशसम्म पुगेर कृषि अध्ययनमा सहभागी हुने अवसर मिलेको उनी बताउँछन् ।

## स्वदेश तथा विदेशका किसानको अध्ययन केन्द्र

फार्ममा स्वदेश तथा विदेशबाट किसान र कृषिका विद्यार्थी अध्ययन तथा अवलोकनमा आउने गरेको श्रेष्ठ बताउँछन् । बायोडाइनामिक कृषि तरिकाले जैविक विविधता र वातावरणमैत्री माटो बनाउन विद्यार्थी, युवा तथा ग्लोबल फोरममार्फत प्रवर्द्धन गर्नुपर्ने उनको भनाइ छ ।

श्रेष्ठ भन्छन्, 'जैविक पद्दतिबाट प्रांगारिक उत्पादनलाई प्राथमिकता दिँदै अध्ययनमा आउने विदेशी, कृषिका विद्यार्थी र किसानलाई प्रांगारिक उत्पादनमा प्रोत्साहन गर्न आफैंले स्वअध्ययन गर्न फार्म स्थापना र सञ्चालनमा ल्याएको हुँ ।' सबैभन्दा पहिले आफैंले स्वअध्ययनबाट काम गर्न सके प्रांगारिक उत्पादन गर्न सकिने र स्वास्थ्यमा हुने हानि न्यूनीकरणमा मद्दत पुग्ने उनको बुझाइ छ ।

प्रांगारिक उत्पादनले नै विदेशीलाई आकर्षण गर्न सहयोग पुग्ने भएकाले अहिलेदेखि नै यसलाई प्राथमिकताका साथ सबै तहबाट साथ हुन आवश्यक रहेको उनी बताउँछन् । 'विदेशीको कृषि अध्ययनको केन्द्र बनाउन हामीले विषादी, विकासे मल प्रयोगलाई घटाउँदै लानुपर्छ । प्राकृतिक तवरबाट खेती गर्नतर्फ किसानलाई प्रोत्साहित गर्नुपर्छ । यसले एक जना किसानलाई मात्र नभई देशलाई नै फाइदा पुग्ने छ,' उनको भनाइ छ ।

## प्राकृतिक उत्पादन प्राथमिकतामा

प्राकृतिक उत्पादनलाई प्राथमिकतामा राखी प्रांगारिक खाद्यान्न वृद्धि गर्न ग्लोबल फोरममा पुऱ्याउन सके नेपालको पहिचान बनाउनसमेत टेवा पुग्ने श्रेष्ठ बताउँछन् । जीवविज्ञान र माटोको अध्ययनबाट नै आफू कृषिमा आकर्षित भएको उनी बताउँछन् । जीव, प्रकृति, वातावरण, वास्तु तथा अन्तरिक्षको विज्ञानअनुसार कृषि पेसा गर्नसके उत्पादन अर्गानिक हुने उनको बुझाइ छ ।

अध्ययनलाई आफूले प्रयोगमा ल्याउने गरेको र सधैं अध्ययन अनुसन्धान गर्दै कृषि कर्म गरिरहेको उनी बताउँछन् । श्रेष्ठको फार्ममा १०० भन्दा बढी प्रजातिका फलफूल तथा कृषि उत्पादन हुन्छ । प्रांगारिक तथा जैविक विविधतायुक्त खाद्यान्न उत्पादन गर्दै आएको उनी बताउँछन् ।

## जति घाँस उति माटो उर्वर

किसान खेतबारीमा घाँस बढी भएमा दिक्क मान्छन् । तर जति खेतबारीमा घाँस उम्रिएको पाइन्छ, उति नै माटो उर्वर हुने श्रेष्ठको भोगाइ छ । वास्तुशास्त्र र धार्मिक मान्यतासँग कृषि उत्पादनसमेत एकापसमा जोडिएको श्रेष्ठ बताउँछन् ।

प्रकृति, धार्मिक, वास्तुशास्त्र र ज्योतिषशास्त्रसमेत कृषि उत्पादनसँग जोडिएर रहने गरेको उनको प्रयोगात्मक विश्वास छ । प्राकृतिक उत्पादन गरिएको ठाउँमा चराचुरुंगी, कीरा, फटचांग्रा आउने र कृषि उत्पादनमा प्राकृतिक मल प्राप्त हुने उनी बताउँछन् । खेती गर्दा खेतबारीको छेउछाउमा रूखबिरुवा लगाएमा विभिन्न रोगकोसमेत निराकरण गर्न सकिने आफ्नो अध्ययनले प्रमाणित गरेको बताउँछन् ।

## भौतिक पूर्वाधारको विकास जरूरी

कृषि उत्पादनलाई प्रवर्द्धन र विकासका साथै आयस्तर वृद्धि गर्नका लागि भौतिक पूर्वाधार विकास गर्नुपर्ने श्रेष्ठ बताउँछन् । कृषिमा आत्मनिर्भर बनाउनका लागि बजार व्यवस्थापन पनि उत्तिकै जरुरी पर्छ । कृषि उत्पादन गरेपछि बजारसम्म पुऱ्याउनका निम्ति सडक, यातायात र सञ्चारको सुविधा हुनुपर्ने उनको भनाइ छ । कृषिलाई अनुदान दिनुभन्दा यी तीन क्षेत्रको विकास गर्नसके उत्पादित कृषि उपजको बिक्री वितरणमा सहज हुने प्रयोगात्मक अध्ययनले देखाएको श्रेष्ठ बताउँछन् ।

## प्रांगारिक मल उत्पादन र प्रयोग

किसानलाई आफ्नो थोरै जग्गामा लगाइएको खेतबारीबाट धेरै उत्पादन लिने अपेक्षा हुन्छ । छोटो समयमा धेरै उत्पादन गर्नका लागि किसानले 'फोर्स ग्रोथ' गराउने गरेकोप्रति उनको चिन्ता छ । प्राकृतिकरूपमै उत्पादन धेरै गर्न सकिने उनको अनुभव छ । कृषि उपजको अर्गानिक स्वाद ल्याउनका लागि उनले माटोलाई उर्वर बनाउन आफैंले प्रांगारिक मल उत्पादन गर्छन् । माटोलाई आवश्यक पर्ने मल, कीरा फटचांग्रा भगाउनका लागि औषधिसमेत आफैं घरमा बनाउँछन् ।

बजारमा आउने गरेको रासायनिक मलको प्रयोग गर्दैनन् । प्रांगारिक उत्पादनका लागि आवश्यक पर्ने मलसमेत आफैंले निर्माण गर्ने विभिन्न तरिका रहेको बताउँदै उनले अध्ययन र प्रयोग गर्दै आएका छन् ।

## खाद्यान्नको खपत

धेरै ठाउँका किसानले उत्पादन गरेका खाद्यान्न, फलफूलले बजार नपाएको भन्ने गुनासो आउने गरेको छ । तर उनको फार्ममा उत्पादित वस्तुको भने बिक्री बढिरहेको छ । बजारको मागअनुसारको वस्तु पुऱ्याउन नसकेको उनी बताउँछन् । फार्ममा उत्पादित वस्तुमा वास्तविक स्वाद भएकाले धेरै ठाउँबाट पहिले नै माग गर्ने गरेको उनी बताउँछन् ।

श्रेष्ठको फार्ममा उत्पादित धान, मकै, गहुँ, भटमासलगायतका खाद्यान्न धेरै ठाउँमा खपत हुँदै आएको छ । स्थानीय बजारमा नै यस फार्ममा उत्पादित वस्तुले बजार पाउने गरेको उनी बताउँछन् । मकैका विभिन्न प्रजाति, भटमास, धानकोसमेत धेरै प्रजाति लगाउने गरेको र उत्पादनसमेत राम्रो रहेको उनी बताउँछन् ।

प्रकृतिको चक्रीय प्रणालीलाई अवलम्बन गर्नसके उत्पादनमा वृद्धि हुने होली एग्रोका सञ्चालक श्रेष्ठ बताउँछन् । एउटै ठाउँमा सधैं एउटै प्रजातिका कृषिखेती गर्दा पनि उत्पादनमा कमी आउने उनको बुझाइ छ । चक्रीयरूपमा कृषि कर्म गर्नसके उत्पादन मनग्य हुने उनको अध्ययनले बताउँछ । 'एक वर्ष धान लगाइएको ठाउँमा अर्को वर्ष मकै लगाउने गर्नुपर्छ । मकै लगाइएको ठाउँमा अर्को वर्ष अरू खेती गर्नुपर्छ । अनिमात्रै उक्त स्थानको माटो मलिलो हुन्छ । उत्पादनमा ह्रास आउँदैन,' श्रेष्ठ आफ्नो अनुभव सुनाउँछन् । सधैं एकै प्रकारका खाद्यान्नबाली लगाउनुभन्दा वर्षैपिच्छे फेर्न सकिएमा त्यसबाट उत्पादनमा पर्ने नोक्सानी व्यहोर्नु नपर्ने उनी बताउँछन् । *रासस*

# चोभारमा 'क्यानोपी जिपलाइन'

**■ दिपा सुनुवार**

काठमाडौंको चोभारमा क्यानोपी जिपलाइन सञ्चालनमा आएको छ । उपत्यकावासीको भ्रमण गन्तव्यको रूपमा परिचित चोभार डाँडामा जेभी एड्भेञ्चर प्रालिले जिपलाइन सञ्चालनमा ल्याएको हो । यसले आन्तरिक तथा बाह्य पर्यटकका लागिसमेत चोभारमा आकर्षण थपिदिएको छ ।

सहरी कोलाहलबाट छुटकारा पाउन चोभार र मञ्जुश्री पार्क घुम्न आउनेहरूको भीड लाग्ने गर्दछ । क्यानोपी जिपलाइन यहाँ आउने आगन्तुकहरूको नयाँ आकर्षण बन्ने देखिन्छ । यो नेपालकै पहिलो क्यानोपी जिपलाइन पनि हो । त्यसैले पनि यो सबैका लागि नयाँ अनुभव हुने छ ।

चोभारमा सुरु भएको यो जिपलाइनको लम्बाइ करिब ४०० मिटर रहेको छ । उक्त दूरी तीन चरण गरेर पार गरिन्छ । तीनै चरणको जिपलाइन खेल्न १० मिनेट लाग्ने छ । पहिलो चरणलाई 'एड्भेञ्चर', दोस्रो चरणलाई 'डेयर डेभिल्स' र तेस्रो चरणलाई 'द फन' भनी नामकरण गरिएको छ ।

क्यानोपी जिपलाइनको तीन चरण खेल्नका लागि फोटो भिडियोसहित प्रतिव्यक्ति एक हजार ५०० रूपैयाँ शुल्क तोकिएको छ । जसमा टेण्डम (जोडी)ले मात्र दुई हजार रूपैयाँमै क्यानोपीको मज्जा लिन सकिने कम्पनीले जनाएको छ । विद्यार्थीहरूका लागि भने १० प्रतिशतसम्म छुटको व्यवस्था रहेको छ । कीर्तिपुर नगरपालिकाको वडा नम्बर ६ का स्थानीयहरूले सबैखाले जिपलाइनमा २५ प्रतिशत छुट पाउने व्यवस्था रहेको छ ।

चोभार डाँडामा एड्भेन्चर हब नै बनाउने गरी तयारी थालिएको कम्पनीका प्रमुख प्रदीप चौलागाईंले बताएका छन् । उनका अनुसार चोभारको डाँडा काटिएको खोँचमा ग्लास ब्रिज निर्माण गर्ने योजना छ । जसमा तीनवटा एड्भेञ्चर बनाइने छ । 'काटिएको खोँचलाई लक्षित गरेर ग्लास ब्रिज बनाइने तयारी थालिएको छ,' उनले भने 'उक्त ब्रिजमा स्वीइङ, स्काइ साइक्लिङ र स्काइ वाक बनाइने छ ।'

तीन अर्ब रूपैयाँको लगानी योजनासहित निर्माण थालिएको यस क्यानोपी जिपलाइन आगामी एक वर्षभित्र पूर्ण निर्माण भइसक्ने सञ्चालक चौलागाई बताउँछन् । विभिन्न एड्भेञ्चरहरूसँगै होटल तथा बिग सिनेमा हाउसको समेत निर्माण गरिने उनले बताए ।

जिपलाइनको क्रममा मञ्जुश्रीले काटेको चोभारको आकर्षक गल्छी, जलविनायक मन्दिर, चोभारको गुम्बा, नवनिर्मित सुख्खा बन्दरगाह, चम्पादेवी र चन्द्रागिरि डाँडा, काठमाडौं तथा ललितपुरका सुन्दर दृश्य अवलोकन गर्न सकिने छ । टेकअफ टावरबाटै सुन्दर हिमशृंखला देख्न सकिन्छ ।



# जाजरकोट भूकम्पका लाभग्राही ७९ हजार नाघे

**काठमाडौं (प्रस)-** जाजरकोट भूकम्पमा परी प्रभावित भएका लाभग्राहीको संख्या पुन थपिएको छ। पछिल्लोपटक १२ हजारभन्दा बढी लाभग्राही थपिएका हुन् । यससँगै लाभग्राहीको संख्या ७९ हजार ५९९ पुगेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

पहिचान हुन बाँकी रहेका लाभग्राहीलाई स्थानीय तहले पहिचान गरेर तथ्यांक पठाएपछि लाभग्राहीको संख्या बढेको प्राधिकरणको भनाइ छ । यसअघि ६७ हजार लाभग्राही रहेकामा यही माघ ४ गतेसम्म पहिचान भएकाको संख्या थप भएको प्राधिकरणको निजी आवास तथा पुनर्निर्माण शाखाका प्रमुख प्रकाशचन्द्र अधिकारीले जानकारी दिए। प्राधिकरणले यसअघि लाभग्राही ८० हजार १५० पुग्ने अनुमान गरेकामा अहिले सोही हाराहारीमा कायम भएको उनले बताए।

अधिकारीका अनुसार सरकारले लाभग्राहीका लागि अहिलेसम्म दुई अर्ब २६ करोड रूपैयाँ निकासा गरिसकेको छ । उनीहरूको अस्थायी आवासका लागि चार अर्ब ७५ लाख रूपैयाँ चाहिने अनुमान यसअघि नै गरिएको थियो । सो आधारमा अझै रकम आवश्यक देखिएको छ।

केन्द्रबाट निकासा गरी पठाइएको रकममध्ये आजसम्म जिल्ला विपद् व्यवस्थापन समितिबाट स्थानीय तहको विपद् व्यवस्थापन समितिमा एक अर्ब ९० करोड रूपैयाँ गएको र स्थानीय तहबाट लाभग्राहीको खातामा एक अर्ब २६ करोड रूपैयाँ पुगिसकेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले जानकारी दिए । उनका अनुसार हालसम्म ५० हजार लाभग्राहीको खातामा रकम पुगिसकेको छ। त्यसमध्ये २४ हजार १० लाभग्राहीको अस्थायी आवास निर्माण सम्पन्न भएको पोखरेलले बताए। उनका अनुसार अहिले १० हजार घर निर्माण जारी रहेको छ।

बाँकी परिवारमा अनुदान सम्झौताको चरणमा रहेको छ । जाजरकोट केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते जनधनको क्षति हुनेगरी भूकम्प गएको थियो।

# झापामा बढ्दै दादुराको प्रकोप

**झापा-** पन्ध्रवटा पालिका रहेको झापा जिल्लाका दुई पालिकामा दादुराको प्रकोप देखिएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । कार्यालयका खोप अधिकृत राजकुमार पोखरेलले झापा गाउँपालिका र विर्तामोड नगरपालिकामा दादुराको प्रकोप देखिएको बताए।

उनले गत वर्ष बाँके जिल्लाको नेपालगञ्ज उपमहानगरपालिबाट फैलिएको दादुराको प्रकोप यस वर्ष झापासम्म आइपुगेको जानकारी दिए । जिल्लामा दुई हप्ताको अन्तरालमा सात जनामा दादुराको संक्रमण देखिएको उनले बताए।

उनका अनुसार झापा गाउँपालिकामा छ जना र विर्तामोड नगरपालिकामा एक जनामा दादुरा देखिएको छ । झापा गाउँपालिका-७ मदरगाँछका दुई जना सन्थाल, तीन जना थापा र एक जना बराइली थरका व्यक्तिमा दादुराको संक्रमण देखिएको उनले जानकारी दिए। उनले सात वर्षदेखि ३७ वर्ष उमेर समूहका व्यक्ति दादुराबाट संक्रमित भएको जानकारी दिए। उनीहरूको शरणामती हेल्थपोस्टमा रक्त नमूना परीक्षण गर्दा दादुरा देखिएको हो। रक्त परीक्षणमा दादुराको प्रकोप एकै घरका तीन जनासम्ममा देखा परेको थियो।

यसैगरी विर्तामोड नगरपालिका-३ की पाँच वर्षीया बालिकामा पनि दादुराको संक्रमण देखापरेको छ। उपचारका लागि दुई दिनअघि विर्तामोड नगर अस्पताल ल्याइकी बालिकाको रगत परीक्षण गर्दा दादुरा पुष्टि भएको थियो । हाल बालिकालाई आइसोलेसनमा राखिएको उनले जानकारी दिए।

सरकारले सन् २०२३ सम्ममा नेपालबाट दादुरा रोग निवारण गर्ने लक्ष्य राखेको थियो । तर हरेक वर्ष मुलुकका विभिन्न जिल्लामा देखिने दादुरा प्रकोपका कारण लक्ष्यप्राप्ति हुन नसकेको बताइएको छ । सरकारले नौ महिनादेखि १५ महिनासम्मका बालबालिकालाई नियमित खोप दिइरहेको छ । तर, झापा गाउँपालिकामा मात्र सात वर्षको अवधिमा एक हजार ७८७ जनाले नियमती खोप नलगाएको तथ्यांक फेला परेको अधिकृत पोखरेलले बताए।

उनले गत साउन, भदौमा कोशीको मोरङ र सुनसरी जिल्लामासमेत दादुरा देखिएको बताए । 'हामीले यसलाई झापा गाउँपालिकामा महामारीका रूपमा लिएका छौं,' उनले भने, 'सामान्य ज्वरोमात्र आएको छ भने पनि नजिकैको स्वास्थ्यचौकीमा गएर रगत परीक्षण गर्न सबैलाई अनुरोध गर्दछौं।'

उनले दादुरा संक्रमितको थुक, खकारबाट समेत अर्को व्यक्तिमा सर्ने हुँदा झापा गाउँपालिकाका जनप्रतिनिधिलाई नै राखेर दादुरा रोगको लक्षण, यसको जलिटता, अन्य असर र समुदायमा पार्ने प्रभावका बारेमासमेत जानकारी दिएको बताए।

दादुरा प्रायः पाँच वर्षमुनिका बालबालिकामा लाग्छ र छिट्टै महामारीको रूप पनि लिन सक्दछ। यो रोग खोक्दा वा हाच्छ्युँ गर्दा एक व्यक्तिबाट अर्कोमा सर्ने गर्छ । मुखबाट वा श्वासप्रश्वासका माध्यमबाट निस्किने पानीका स-साना कणले यो रोग अरू स्वस्थ व्यक्तिमा फैलाउने गर्दछन् । उनले आफ्नो घर वा छिमेकमा ज्वरो आएको बच्चा छ भने तत्काल रक्त परीक्षण गर्न आग्रह गरे । संक्रमित अध्ययन गर्ने विद्यालयका सबै विद्यार्थीको रगत परीक्षण गरिरहेको जानकारी पनि दिए।

अधिकृत पोखरेलले दादुराको उपचार भनेको दादुरा आउन नदिने खोपमात्र भएका कारण सरकारले फागुनदेखि १५ वर्ष मुनिका बालबालिकालाई दादुराविरुद्धको खोप अभियान सञ्चालन गर्ने तयारी गरिरहेको पनि बताए । नेपालमा दादुराको खोप अभियान सन् २००४ देखि सुरु भएको हो। धेरैले पहिलो डोज लगाएपछि दोस्रो डोज नलगाएकाले पनि यो रोग निवारणमा चुनौती थपिएको उनको भनाइ छ। *रासस*

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/०६ गते)

